# जिल्ला विकास समिति वर्दियाको २१ औं जिल्ला परिषद् २०७१ (फाल्गुण २०) बाट पारित निर्णयहरु

१। २१ औं जिल्ला परिषदमा संविधान सभा सदस्य मा.सन्जय कुमार गौतम, मा. सन्तकुमार थारु, मा. निर्मलप्रकाश सुवेदी, मा. लिला मगर विशिष्ट अतिथिको रुपमा उपस्थित भई २१ औं जिल्ला परिषदको संयुक्त रुपमा उद्घाटन गरी अमुल्य सुझावहरु दिनु भै परिषदको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएकोमा हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

२। मा. उपप्रधान तथा गृह मन्त्री वामदेव गौतम, मा. उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंह, र संविधान सभा सदस्य श्यामप्रसाद ढकालज्यूले २१ औं जिल्ला परिषदको सफलताकोलागि शुभकामना पठाउनु भएकोमा हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

३। २१ औं जिल्ला परिषदमा पेश भएको निति कार्यक्रम माथि प्राप्त भएका सुझावहरुलाई समावेश गरी निति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

४। यस वर्ष आएको बाढीबाट अरवौं रकम बरावरको भौतिक संरचनाहरु क्षति भएको हुँदा ती संरचनाहरु अविलम्व पुनः निर्माण गर्नु पर्ने भएको हुँदा सोको आवश्यक व्यवस्थाको लागि नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

५। ववई नदी नियन्त्रणको लागि जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन नेपालगंज बाँकेबाट गुरु योजना तयार गरी सोही अनुसार बबई नदि नियन्त्रण गर्न अनुरोध गर्ने ।

६। कर्णाली पूर्वि र पश्चिमी दुवै नदीका कारण राजापुर क्षेत्रको ५ गा.वि.स. र १ नगरपालिका उच्च जोखिममा रहेको र प्रत्येक वर्षातमा ठूलो जनधन र खेतियोग्य भूमिमा क्षति पुग्ने अवस्था रहेको हुँदा र जल उत्पन्न प्रकोप डिभिजन वाँकेले तयार गरेको गुरु योजना अनुसार कटान क्षेत्र तटबन्धन गरी नियन्त्रण गर्न तथा उत्तर चिसापानी निकास हुने गरी ती नदीको तटीय व्यवस्थापन गर्न नेपाल सरकार संग अनुरोध गर्ने ।

७। मान नदी तटबन्धनको लागि गुरु योजना तयार गरी तटबन्धन गर्ने व्यवस्थाको लागि नेपाल सरकार सँग अनुरोध गर्ने ।

८। बर्दिया जिल्ला स्थित कपास विकास समिति र सोको आसपासको जग्गा मध्ये केही जग्गा उपलव्ध गरी कृषि विश्व विद्यालय स्थापना गर्न नेपाल सरकार संग अनुरोध गर्ने र जिल्ला विकास समितिबाट म्याचिङ्ग कोष स्थापना गर्ने निर्णय गरियो ।

९। कपास विकास समिति तथा सोको आसपासको जग्गामा उपलव्ध गरी औद्योगिक क्षेत्र घोषणा गर्न तथा उद्योगहरु सञ्चालन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

१०। रेहुखोला, डुण्डवा खोला, राजकुला, ग्याङ्ग नदी, ओरही खोला, गोदाना, जम्ती, भादा नाला तथा बुढी कूलोको कटान क्षेत्र तटबन्धन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

११। भारत सरकारद्वारा निर्माणाधिन भुरिगाउँ गुलरिया मुर्तिहा सडक अलपत्र अवस्थामा रहेकोले उक्त सडक यथा शिघ्र निर्माण गर्ने व्यवस्थाको लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१२। भारत सरकारले तेश्रो चरणमा निर्माण गर्न प्रस्तावित गुलरिया-कोठीयाघाटबाट-दौलतपुर सडक दोश्रो चरणमै अविलम्ब निर्माण कार्य संचालनको लागी आवश्यक पहल गर्न नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१३। नेपालगञ्ज गुलरिया राजापुर हुलाकी सडकमा यातायातको अत्यधिक चाप रहेको हुँदाउक्त सडकलाई ४ लेनको वनाउन यातायात मन्त्रालय तथा सडक विभागमा अनुरोध गर्ने ।

१४। यस जिल्लालाई समेत हेर्ने गरी बाँकेमा स्थापित जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन, म.प.सडक डिभिजन, म.प.सिंचाई डिभिजन, म.प.भवन डिभिजनहरुले जिल्लाको आवश्यकता संवेदनशिलता तथा बस्तुस्थिति बुझ्न गाह्रो भएको, जिल्लाले आवश्यकता अनुसार सेवा प्राप्त गर्न नसकेकोले उक्त कार्यालयका जिल्ला शाखा कार्यालय बर्दियामा स्थापना गर्न नेपाल सरकारसंग माग गर्ने निर्णय गरियो ।

१५। यस जिल्लामा आन्तरीक राजश्व कार्यालय र यातायात कार्यालय स्थापनाका लागि नेपाल सरकारसँग अनुरोध गर्ने ।

१६। बर्दिया जिल्लाको लागि ठुला मेशिनरी तथा भारी उपकरण संचालन निति २०७१ स्वीकृत गर्ने निर्णय गरीयो ।

१७। बर्दिया जिल्लाको मानव बेचविखन तथा ओसारपसार विरुद्ध रणनैतिक योजना (सन् २०१४ देखि २०१६ सम्म) स्वीकृत गर्ने निर्णय गरीयो ।

१८। बर्दिया जिल्लाको लैङ्गक हिंशा उन्मुलन तथा महिला सशक्तिकरणकालागि जिल्लाको रणनैतिक कार्य योजना २०७१ स्वीकृत गर्ने निर्णय गरियो ।

१९। जिल्ला विकास समिति बर्दिया MCPM मा गत वर्ष सफल भएको र PM को नतिजा अनुसार ७१ अंक प्राप्त भएको साथै यस वर्षको नतिजा प्राप्त भैनसकेको भएतापनि आगामी वर्षहरुमा अधिकतम अंक प्राप्त गर्न आवश्यक व्यवस्था मिलाउन जिल्ला विकास समितिलाई निर्देशन गर्ने ।

२०। जिविसको आन्तरिक श्रोत बृद्धिका लागि राजश्व परामर्श समितिले गरेको निर्णय समर्थन गर्ने निर्णय गरियो ।

२१। जिल्ला विकास समितिबाट २०७०/११/२३ गते देखि २०७१/११/२० गतेसम्म भए/गरेका निर्णयहरु समर्थन गरियो ।

२२। गत ०७०/७१ आ.व.को वार्षिक समीक्षा बैठकमा उठेका सवाल तथा सुझावहरुको प्रतिवेदन पेश भएको सन्दर्भमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न हुनासाथ जि.वि.स.को वेभसाईट मार्फत सार्वजनिक गर्ने र प्राप्त सुझावहरु अक्षरस कार्यान्वियन गर्न गराउन जि.वि.स. लाई निर्देशन दिने ।

२३। जिल्ला विकास समितिको जाँचपास समितिले गरेका निर्णयहरु समर्थन गर्ने निर्णय गरियो ।

२४। जि.वि.स वर्दियाको पदपुर्ति समितिको अध्यक्षको म्याद समाप्त भएकोले साविकका अध्यक्ष भरतबहादुर स्वारलाई नै आगामी २२ औं जिल्ला परिषदको वैठकसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

२५। जि.वि.स.को पदपुर्ति समितिको प्रतिवेदन पेश भै छलफल गरियो ।

२६। आ.व.०६९/७० को म.ले.प.को प्रारम्भिक प्रतिवेदन परिषदमा पेश भैसकेको गत ०७०/७१ को प्रतिवेदन प्राप्त भै नसकेकोले आ.ले.प. प्रतिवेदन माथि छलफल भयो । जि.वि.स. को कार्यालयको नाममा रहेको वेरुजु सम्परिक्षण गराउन र आगामी वर्ष देखि वेरुजु शुन्य पार्ने गरी कार्यक्रम सञ्चालन गर्न जि.वि.स.लाई निर्देशन दिने निर्णय गरियो ।

२७। सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७१।३।३२, २०७१।४।३० र २०७१।११।१७ गतेको प्रतिवेदन प्रस्तुत भएको र प्रतिवेदनमा उठाईएका सवाललाई यथाशीघ्र कार्यान्वियन गर्न जि.वि.स.लाई निर्देशन दिने निर्णय गरियो ।

२८। मिति २०७१/७/२० गते सम्पन्न सामाजिक परीक्षण कार्यक्रमको प्रतिवेदन प्रस्तुत भएको र प्रतिवेदनमा देखिएका कमी कमजोरीलाई यथाशीघ्र कार्यान्वयन गर्न जि.वि.स.लाई निर्देशन दिने निर्णय गरियो ।

२९। आन्तरीक आयका श्रोत संरक्षणकोलागि व्यवस्था गरिएको रु. ३०,००,०००। को विनियोजन, कार्यान्वयन तथा जिल्ला परिषदबाट स्वीकृत कार्यक्रम कार्यान्वयनको क्रममा कुनै बजेट थपघट गर्नु परेमा, परिषद भन्दा पछि कुनै वजेट प्राप्त भएमा वा कुनै निकायबाट कार्यक्रम सञ्चालनको लागि अनुरोध भएको अवस्थामा वजेट विनियोजन तथा कार्यक्रम छनौट गर्ने अधिकार जिल्ला विकास समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

३०। जिल्ला विकास समितिको स्था.वि.अ निवास निर्माणार्थ संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयमा अनुरोध गर्ने ।

३१। बबई क्याम्पसलाई म.प.विश्वविद्यालयको आंगिक क्याम्पस बनाउन अनुरोध गर्ने ।

३२। जिल्लाका चारै निर्वाचन क्षेत्रमा पार्क निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

३३। यस जिल्लालाई हेर्ने गरी बाँकेमा रहेका डिभिजन कार्यालयहरुले जिल्लाको आवधिक तथा बार्षिक योजना तर्जुमा जस्ता महत्वपूर्ण बैठकहरुमा समेत प्राथमिकता नदिई जिल्ला विकास समितिको आमन्त्रणलाई बेवास्ता गरेको हुदा तालुक मन्त्रालयहरुमा गम्भिर ध्यानाकर्षण गराउने निर्णय गरीयो ।

३४। यस वर्षको बाढिले भदाली नाला सडक पुललाई क्षति पुर्‍याएकोले पुन:निर्माणको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

३५। यसै वर्ष नगरपालिका घोषणा भएको वाँसगढी नगरपालिकाको नगर परिषदबाट बाँसगढी नगरपालिकाको क्षेत्र धेरै भएकोले ११ वार्डवाट १५ वार्डमा बृद्धि गर्न अनुरोध भै आएकोले आवश्यक व्यवस्थाको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने ।

३६। भारत सरकार र नेपाल सरकार वीच २७ अक्टुवर २००९ मा सम्झौता भै स्वीकृत भएको छिमेकी राष्ट्र भारतबाट यस जिल्लाको सदरमुकाम गुलरिया प्रवेशद्वार मुर्तिहाको भन्सार नाका यथाशीघ्र सम्झौता वमोजिम सञ्चालनको लागि नेपाल सरकार सँग अनुरोध गर्ने ।

३७। राजापुर सिंचाई आयोजना अन्तर्गत गेरुवा (कर्णाली) नदीको कोठियाघाटमा जडान गरिएको पण्टुन बृज उक्त स्थानमा सडक पुल निर्माण भएकोले हाल स्टोरमा राखिएको अवस्था छ। उक्त पण्टुन बृज सोही कर्णाली नदीको दौलतपुर घाटमा जडान गरी सदुपयोग गर्नु पर्ने देखिएको हुँदा सो पण्टुन बृज जि.वि.स. वर्दियालाई हस्तान्तरण गर्न सिंचाई मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

३८। बर्दिया राष्ट्रिय निकुञ्जको वैज्ञानिक सिमाङ्कन गर्ने व्यवस्थाको लागि नेपाल सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

३९। राजापुर सिंचाई आयोजनाको दोश्रो चरणको कार्यक्रम अबिलम्ब संचालन गर्न तथा सो आयोजनाको ईकाई कार्यालय आयोजना संचालन स्थल राजापुरमा नै स्थापना गर्न नेपाल सरकार, सिंचाई मन्त्रालय सँग अनुरोध गर्ने निर्णय गरियो ।

४०। बर्दिया सदरमुकाममा आन्तरीक राजश्व कार्यालय स्थापना गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

४१। बबई सिंचाई आयोजनाको लिङ्क क्यानल तयार हुन लागेकोले पश्चिम नहरलाई गुलरीयाको रत्नापुर सम्म विस्तारका लागि सम्भाव्यता अध्ययन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

४२। विद्यालयहरुमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी कायम गर्न नेपाल सरकार शिक्षा मन्त्रालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

४३। यस जिल्लाको सदरमुकाम र सोको आसपासका क्षेत्रमा ठूलो मात्रामा दुध उत्पादन हुने तर चिस्यान केन्द्रको अभाव रहेको हुँदा गुलरियामा एउटा दुग्ध चिस्यान केन्द्र स्थापनाको लागि सम्बन्धित निकायसंग अनुरोध गर्ने निर्णय गरियो ।

४४।यस जिल्लामा सञ्चालित साना किसान सहकारी संस्थाहरुको भौतिक पूर्वाधार निर्माणको व्यवस्था हुन सम्वन्धित निकायमा अनुरोध गर्ने साथै महिलाहरुद्वारा संचालित सहकारी संस्थाहरुलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गर्ने ।

४५। राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट मानवमा हुने दुर्घटनाको सम्बन्धमा घाईतेलाई पूर्ण उपचार गर्ने र मृत्यु भएमा व्यक्तिलाई सडक दुर्घटना सरह विमाको व्यवस्था गर्नका साथै घर गोठ र बाली विनास हुँदा उचित क्षतिपुर्ति दिने व्यवस्था गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने

४६। आदिवासी जनजाति उत्थान, मधेशी पिछडावर्ग उत्थान, उपेच्छित, उत्पिडित र दलित वर्ग उत्थान कार्यक्रमको लागि नेपाल सरकारवाट प्राप्त हुने रकम जिल्लाको जनसंख्याको अनुपातमा अति न्यून रहेकोले जनसंख्याको आधारमा रकम उपलव्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

४७। बर्दियामा ठूलो मात्रामा आलु तथा फलफूल उत्पादन हुने र भण्डारणको व्यवस्था नभएको हुँदा मैनापोखर, गुलरिया र सानोश्रीमा चिस्यान केन्द्र स्थापनाको लागि कृषि मन्त्रालय एवं निजी तथा साझेदार निकाय संग अनुरोध गर्ने ।

४८। गुलरिया स्थित कभर्ड हल भौतिक पूर्वाधार निर्माण गर्न र गुलरिया नगरपालिका वडा नं. ७ स्थित जिल्ला खेलकूद विकास समिति वर्दियाको स्वामित्वमा रहेको करीव ७ विगाह जग्गामा आधुनिक रंगशाला यसै वर्षदेखी निर्माण कार्य प्रारम्भ गर्न युवा तथा खेलकूद मन्त्रालयमा अनुरोध गर्ने ।

४९। सामुदायिक वन उपभोक्ता समूह र विद्यालयहरुले सामुदायिक वनबाट नदीजन्य वस्तु निकाशी हुँदा वढी शुल्क लिने गरेको भन्ने जनगुनासोको सम्बन्धमा प्रचलित ऐन नियम अनुसार मात्र गर्ने गराउने व्यवस्था हुन जिल्ला वन कार्यालय र जिल्ला शिक्षा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

५०। जिल्ला वन कार्यालयसंग समन्वय गरी दहत्तर बहत्तरको ठेक्का बन्दोवस्त गर्ने र प्राप्त हुने रकमको ५० प्रतिशत रकम जिल्लाका विभिन्न स्थानहरुमा बृक्षारोपणको लागि नर्सरी तयार गर्न जिल्ला वन कार्यालयलाई उपलव्ध गराउने ।

५१। ब्रह्मकुमारी ईश्वरीय विश्व विद्यालयको संरक्षणको लागि वाउण्ड्री वाल निर्माण गर्न सँस्कृति मन्त्रालयमा अनुरोध गर्ने ।

५२। जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रमा ल्याव सञ्चालन तथा एक्सरे मसिन लगायत अन्य पूर्वाधार स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

५३। कृषकहरुलाई सेवा प्रवाह गर्न जनशक्ति र सेवा केन्द्रको कमीको कारणले हुन गएको समस्या समाधान गर्न हाल रहेका ४ वटा कृषि सेवा केन्द्रको संख्या बढाई प्रत्येक ईलाकामा पर्ने गरी व्यवस्था गर्नसम्बन्धित निकायलाई अनुरोध गर्ने ।

५४। बर्दिया जिल्लामा मेन्था, एलोभेरा र क्यामोमाइल जस्ता जडीबुटी कृषि भूमिमा व्यापक खेती भइरहेकोले अन्य नगदेबाली सरह कृषि विकास मन्त्रालयले अन्य मन्त्रालय तथा वनस्पति विभाग सँग समन्वय गरी प्रशोधन तथा वजार व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

५५। अति विपन्न लोपोन्मुख र राज्यबाट सहयोग पाउनु पर्ने वर्गको व्यवस्थित वसोवासको सुनिश्चितको लागि केन्द्र सरकारबाट सञ्चालन हुँदै आएको "जनता आवाश कार्यक्रम" बर्दिया जिल्लामा कोटा वृद्धि गरी निरन्तरता दिन सहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

५६। पाताभार वनघुश्राको शिव सन्तोषी मन्दिर गत वर्ष आएको वाढीले पूर्ण रुपमा कटान गरेको हुँदा उक्त मन्दिर पुनः निर्माणको लागि संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय अनुरोध गर्ने ।

५७। बर्दिया राष्ट्रिय निकुञ्जबाट उठेको पर्यटन शुल्कबाट स्थानीय स्वायत्त शासन ऐन, नियम अनुसार जिल्ला विकास समितिमा हालसम्म रोयल्टी प्राप्त नभएको हुँदा आ.व. ०५६/५७ देखि आ.व. ०६८/६९ सम्मको मात्र १,६३,१५,४३४।२५ यस जिल्ला विकास समितिमा प्राप्त हुनु पर्ने अभिलेखबाट देखिएको हूँदा उपरोक्त रकम अविलम्ब उपलव्ध हुन र आ.व. ०६९/७० देखिको नियमित रुपमा रोयल्टी उपलव्ध गराउने व्यवस्था हुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मन्त्री स्तरीय निर्णय भई वन तथा वातावरण मन्त्रालयमा अनुरोध भैसकेको हुँदा उक्त मन्त्रालयबाट समेत निर्णय गरी नियमित रुपमा पर्यटन रोयल्टी नियमित रुपमा प्राप्त हुने व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

५८। भुमिहिन, सुकुम्वासी, मुक्तकमैया, हलिया, जोताहा किसान र बाढी पिडित वर्गको समुचित व्यवस्थापन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

५९। भुरिगाउँ तेलपानी सुर्खेत सडक निर्माण कार्यमा राष्ट्रिय निकुञ्ज भित्र वातावरण तथा जंगली जीव जन्तुलाई अती कम असर पर्ने गरी शीघ्राति शीघ्र निर्माण कार्य संचालन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

६०। शिवपुर गा.वि.स.९को भदेली गाउँ स्थित वाचटावर देखि कालिगौडी सिंचाई कूलो सम्म ओरही नदी कटान क्षेत्र तटबन्धन गर्न जल उत्पन्न प्रकोप नियन्त्रण विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

६१। सानोश्री १ र ताराताल १ बीचको कोलियर लाईन सडक निर्माणको लागि प्राविधिक प्रतिवेदन सहित नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

६२। वर्दियाका देहायका पर्यटकीय क्षेत्रको संरक्षण, सम्बर्धन र विकास अभियानकै रुपमा सञ्चालन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

- ❖ तालहरु
  - ✓ बढैया ताल : १०५ विगाहा क्षेत्रफल रहेको (सोरहवा गा.वि.स.)
  - ✓ भग्रैया ताल, ढोढरी गा.वि.स. वडा नं. ९
  - ✓ भगहर ताल, गुलरिया ५ र २
  - ✓ ताराताल, सानोश्रीताराताल वडा नं. ३
  - ✓ नम ताल, गुलरिया २
  - ✓ सिसैया ताल, गुलरिया १२
  - ✓ सत्खोलवा ताल, धधवार
  - ✓ लाल ताल, सानोश्री ताराताल ३
  - ✓ ओखरिया वाँध, गोला
- ❖ धार्मिक स्थलहरु
  - ✓ ठाकुरद्वारा मन्दिर, ठाकुरद्धारा
  - ✓ सदाशिव मन्दिर, मगरागढी
  - ✓ गणेशबाबा मन्दिर, राजापुर
  - ✓ बगलामुखी मन्दिर, गुलरिया
  - ✓ कोटही मन्दिर, गुलरिया
  - ✓ बकोटीया मन्दिर, कालिका १
  - ✓ उत्तर कौशल धार्मिक बनबाटिका, कोठियाघाट
  - ✓ तारकेश्वर मन्दिर सानोश्री ताराताल
  - ✓ सन्तोषी मन्दिर गुलरिया
  - ✓ केदारेश्वर मन्दिर, मोतिपुर
  - ✓ पर्वतिया मन्दिर, गुलरीया
  - ✓ नथुनिया बाबा मन्दिर, गुलरीया
- ❖ कृष्णसार
- ❖ नेपालकै सवै भन्दा लामो सडक पुल (कोठियाघाट गेरुवा कर्णाली नदी)
- ❖ राष्ट्रिय निकुञ्ज
- ❖ कर्णाली पुल
- ❖ बबई झ्याली
- ❖ डल्ला होम स्टे

६३। देहायका सडकहरुको सव वेशको कार्य सम्पन्न भैसकेकोले उक्त सडकहरु कालोपत्रे गर्न राष्ट्रिय योजना आयोग,सडक विभाग तथा भौतिक योजना निर्माण तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने ।

- ❖ महेन्द्र राजमार्ग - सदरमुकाम गुलरिया हुँदै भारत सिमाना जोड्ने (रम्मापुर-जयनगर-गुलरिया-मुर्तिहा) सडक ।
- ❖ वाँसगढी(म.रा.मा.) जगतिया भोलागौडी(हुलाकी सडक) जोड्ने सडक ।
- ❖ वाँसगढी(म.रा.मा.) मैनापोखर(हुलाकी सडक) जोड्ने सडक ।
- ❖ जुरैना(म.रा.मा.) दमौली पचासा(हुलाकी सडक)जोड्ने सडक
- ❖ सानोश्री ताराताल भन्सार सडक ।
- ❖ खाता(हुलाकी सडक)- विपतपुर(भारत सीमा) जोड्ने सडक ।
- ❖ अम्रेनी(म.रा.मा.)- ठाकुरद्वारा सडक ।
- ❖ राजापुर मनाउ सडक ।
- ❖ बासगढी ४ राजमार्गबाट वडा नं. २ हुदै वडा नं. १ राझा सम्म
- ❖ बेलवा चोक कोठियाघाट हुलाकी सडक ।

- ❖ मानपुरटपरा(हुलाकी सडक)- ओखरिया सडक ।
- ❖ खाता(हुलाकी सडक)- ठाकुरद्धारा आम्वासा (म.रा.मा.)सडक ।
- ❖ डाडालालपुर हुलाकी सडक कुम्भर सडक महम्मदपुर ।
- ❖ मैनापोखर(हुलाकी सडक- पडरिया- भन्सार(भारत सीमा) सडक ।
- ❖ बनियाभार-घोरपिट्टा-म.रा.मा. सडक ।
- ❖ डेउढाकला ककौरा(म.रा.मा.) देखि भैसासुरसम्मको सडक ।
- ❖ बाँकेको गौघाट देखि जमुनी एकनारायण चोक हुँदै पञ्चवजार सहायक हुलाकी मार्ग ।
- ❖ सैनवार (म.रा.मा.)-वामनपुर वगनाहा सम्मको सडक स्तरोन्नती
- ❖ गुलरिया गाउँ, बदालपुर छेदापुर सडक
- ❖ रेडक्रस जिल्ला शाखाको जग्गामा गोदाम घर निर्माण

६४। देहायका योजना संचालन गर्न राष्ट्रिय योजना आयोग तथा सडक विभाग संग अनुरोध गर्ने निर्णय गरियो ।

- ❖ भुरिगाउँ तेलपानी सुर्खेत हुँदै कर्णाली मार्ग जोड्ने सडक निर्माण
- ❖ आम्बासा ठाकुरद्वारा सडकको ओरही नदी पुल निर्माण ।
- ❖ दौलतपुर घाट कर्णाली नदीमा सडक पुल निर्माण ।
- ❖ ढोढरी ९ घोलुवा नालामा पुल निर्माण
- ❖ ढोढरी ९ गद्दी नालामा पुल निर्माण ।
- ❖ पूर्व पश्चिम राजमार्ग देखि ठाकुरद्वारा जोड्ने प्रतापपुर कालिगौडी बीच ओरही नालामा सडक पुल निर्माण ।
- ❖ नयाँगाउँ ग्वारी सोहरिया हुँदै राजापुर सडक ।
- ❖ भैसाही विक्री सडकको कञ्जरिया नाला सडक पुल निर्माण कालिका महम्मदपुर ।
- ❖ पदनाहा र बनियाभार बीच बनघुश्री कूलोमा पुल निर्माण ।
- ❖ गुलरिया रत्नापुर रजनवा सडक ।
- ❖ बठुवा अस्नेरी रेहु भंगालोमा सडक पुल निर्माण मोतिपुर ।
- ❖ पूर्व पश्चिम राजमार्ग र हुलाकी सडक जोड्ने दमौली बाँसगढी सडकको सटरिया नालामा सडक पुल निर्माण ।
- ❖ खाता विपतपुर घोलुवा नालामा सडक पुल निर्माण सूर्यपटुवा ।
- ❖ कन्द्रानालामा पुल निर्माण सानोश्रीताराताल ।
- ❖ धधवार ८ र ९ बीच जुरपानी खोलामा पुल निर्माण धधवार ।
- ❖ कैलास नगर खल्लामा पुल निर्माण गुलरिया ७ ।
- ❖ ईन्द्रपुर भारत सिमाना सडकको घघ्घानाला सडक पुल निर्माण महम्मदपुर ।
- ❖ पाताभार ६ र ७ विच भठेरा रिङ्ग रोडको बुढीकूलोमा सडक पुल निर्माण ।
- ❖ राजापुर रिंग रोडको दक्षीणी भागमा सडक निर्माण
- ❖ सूर्यगौडी बैदी सडक निर्माण
- ❖ दौलतपुर टिकापुर बीच कर्णाली नदीमा पुल निर्माण ।
- ❖ बनियाभार गा.वि.स.को वार्ड १ र २ जोड्ने बुढीकूलोमा पुल निर्माण
- ❖ कालिका ग्याङ्ग नदी टेशनपुरमा पुल निर्माण
- ❖ कालिका मुलपानी पक्की पुल निर्माण
- ❖ राजापुर रिङ्गरोडको भटेरा देखि पुर्व पश्चिम राजमार्गको बलचौर जोड्ने सडक निर्माण ।
- ❖ पशुपतिनगरको सुखाड देखि छोड्की गणेशपुर शान्तिवजार सडक निर्माण ।

६५। देहायका कार्यक्रमहरु उच्च प्राथमिकताका साथ निर्माण कार्य संचालन गर्न विश्वविद्यालय अनुदान आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

- ❖ अमर शहीद बहुमुखि क्याम्पस राजापुर
- ❖ बाँसगढी बहुमुखी क्याम्पस भवन निर्माण मोतिपुर
- ❖ शारदा बहुमुखी क्याम्पस भवन निर्माण मैनापोखर
- ❖ बर्दिया बहुमुखी क्याम्पस भवन निर्माण डेउढाकला

- ❖ चुरे क्याम्पस भवन निर्माण वगनाहा
- ❖ मध्यवर्ति क्याम्पस भवन निर्माण नेउलापुर
- ❖ जनसेवा बहुमुखी क्याम्पस भवन निर्माण धधवार
- ❖ सदाशिव बहुमुखी क्याम्पस भवन निर्माण मगरागाडी
- ❖ गुराँस बहुमुखी भवन निर्माण सानोश्री
- ❖ बबई बहुमुखी क्याम्पस, गुलरिया

६६। निम्न स्थानहरुमा झोलुङ्गेपुल निर्माण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

- ❖ नेउलापुर, शिवपुर बीच ओरही खोला ।
- ❖ डेउढाकला गंगानदी (कञ्जरवा) कुनैठी गाऊ नजिक ।
- ❖ जमुनी ५, ४० नं. चोक देखि वाँके जोड्ने मान खोलामा झो.पु. निर्माण
- ❖ बालापुर-विक्री बीच बबई नदी ।
- ❖ झो.पु.निर्माण वेलवा २ अमहिया मोतिपुर  जोडने
- ❖ पत्थरबोझी घाटमा झो.पु. निर्माण सूर्यपटुवा
- ❖ झो.पु.निर्माण वेलवा ९ बाट ७ जोडने
- ❖ सोरहवाको वुटाहा र वाँकेको गुरुडयालपुर वीच माननदी ।
- ❖ झो.पु. निर्माण जमुनि १ नकाहा मन्दिर छेउमा
- ❖ झो.पु. निर्माण रामघाट वाट बाँके रामपुर जोडने खोलामा
- ❖ कालाबञ्जर मैलानाला खैरिचन्दनपुर ।
- ❖ कुर्ता खोलामा झो.पु. निर्माण बेलवा ७ र ९ बीच ।
- ❖ खैरिचन्दनपुर ९ र मानपुरटपरा २ बीच ।
- ❖ नयाँगाउँ ९ र दौलतपुर बीच सोहरिया बुढीकूलो ।
- ❖ जमुनी ९  वाट वाँके राधापुर जोड्ने मान नदीमा झो.पु. निर्माण
- ❖ दौलतपुर ४ सिंदुरा बुढीकूलो ।
- ❖ बदालपुर ८ बसन्ता बुढीकूलो ।
- ❖ बदालपुर ९ जयपुर मैलानाला ।
- ❖ पशुपतिनगर र नयाँगाउँ बीच मैलानाला (हाल काठेपुल रहेको स्थान) ।
- ❖ चन्दनपुर शाहीपुर बबई नदी ।
- ❖ सूर्यपटुवा र मनाउ गा.वि.स. वीच कर्णाली नदी ।
- ❖ सोहरिया नयाँगाउँ विच मैलानाला ।
- ❖ गुलरियाको पण्डितपुर र पदनाहाको जगतिया वीच बबई नदीमा झो.पु. निर्माण ।
- ❖ पाताभार कैलाली सडक सन्कट्टीघाट कर्णाली नदी ।
- ❖ गणेशपुर - शान्तिवजार बुढीकूलो ।
- ❖ खैरिचन्दनपुर मैला नाला डिमारकेशनमा झो.पु. निर्माण ।
- ❖ बानियाभार ३ कुमराघाटमा झो.पु. निर्माण बबई नदी ।
- ❖ नेउलापुर गोदाना ठाकुरद्वारा सडकको गोदाना सुखाड वीच ओरही खोलामा झो.पु. निर्माण
- ❖ चेपाङ्ग भंगाहा सडकको ववई नदी झो.पु निर्माण ।
- ❖ धधवार वडा नं. १ र ६ वीच भादा खोलामा झो.पु.
- ❖ जनसेवा उ.मा.वि. देखी दक्षिण भादा खोला धधवार
- ❖ महजिदिया झो.पु. निर्माण गुलरिया १४

६७ स्थानीय पूर्वाधार तथा कृषि सडक विभागवाट वाक वे सर्भे सम्पन्न भएका देहायका सडक पुलहरु यथाशिघ्र निर्माण कार्य संचालन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

- ❖ राजापुर रिङ्गरोडको बुढीकूलो सर्खोल भटेरा मैला नाला पाताभार ।
- ❖ गुलरिया रम्मापुर सडकको जव्दीखोला कोठारपुर वार्ड १ र २ बीच मगरागाडी ।

- ❖ राजापुर मनाउ सडकको मैलानाला हात्तिखल्ला मनाउ र नयाँगाउँ गा.वि.स. वीच रिङ्गरोड ।
- ❖ बाँसगढी अस्नेरी सडकको रेहु खोला मोतिपुर ।
- ❖ मनाउँ वदालपुर राजापुर वीच झप्टी गाउँ ।

६८। देहायका योजना संचालनको लागि शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने ।

- ❖ गुलरिया, राजापुर, भुरिगाँउ,कुसुम्मा वजार, बाँसगढी,मगरागाडी, मैनापोखर वजारक्षेत्रमा सडक तथा ढल निर्माण ।
- ❖ शिवपुर खानेपानी आयोजनामा बोरिड. थप गरि संचालन ।
- ❖ मैनापोखर गा.वि.स.मा ओभरहेड टंकी निर्माण
- ❖ खैरिचन्दनपुर गा.वि.स.मा खानेपानी ओभरहेड टंकी निर्माण
- ❖ दशरथ बस्ती, शुक्र बस्ती, धर्मबस्ती र गंगा वस्ती तारातालमा ओभरहेड टंकी निर्माण

६९। निम्न योजना संचालनको लागि सिंचाई मन्त्रालयमा अनुरोध गर्ने ।

- ❖ रेहु खोला सिंचाई योजना संचालन म.रा.मा. देखि उत्तर बेलवा मोतिपुर डेउढाकला ।
- ❖ नेउलापुर बलाती खोला(ब.रा.नि. भित्र रहेको मुहान) नेउलापुर सिंचाई योजना संचालन ।

७०। जिल्ला विकास समितिको नाममा देहाय बमोजिम अचल सम्पत्ति रहेको व्यहोरा प्रमाणित गरियो ।

- ❖ मिर सुव्वा स्व. खिमानन्द उपाध्यायज्यूबाट दान स्वरुप प्राप्त गुलरिया ६ क को कि.नं. ७१, ५३९, ५३७, ६८, ७०, ६९, ६६/१५५, ७४/४९५ को दोयम ज.वि. ३-३-३ र खरिदवाट कि.नं. २४२९ को ज.वि. ०-०१-३७५ समेत जम्मा ३-०४-३७५जसमा २५ कोठे २ तले भवन, स्टोर घर, टिनको छाना भएको घर १, जीर्ण ग्यारेज १, २ कोठे ग्यारेज १, सभा भवन १, चौकिदार पोष्ट १, ल्याव घर १ रहेको ।
- ❖ भारतजंग शाहज्यूबाट आमाको सम्झनामा दान स्वरुप प्राप्त साविक गुलरिया १ कि.नं.५११/६९० अव्वल ज.वि. ०-७-१० जसमा २ तले अतिथि भवन १, तिन कोठे भवन १, तिन कोठे पुस्तकालय भवन १, पसल कवल ८ कोठे भवन १, सार्वजनिक शौचालय १ रहेको ।
- ❖खरिद गरिएको डेउढाकला ७ क को सिम कि.नं. ११२९,११३३ को ज.वि. ३-१३-१५ र १-१८-० ताल १ ।
- ❖वन सुदृढीकरणबाट प्राप्त (ने.म.संगठन, जि.का.स.को नाममा दर्ता) साविक गुलरिया १ कि.नं. १२१ अव्वल जग्गा विगाहा ०-५-० महिला शिल्पकला केन्द्रको भवन रहेको ।
- ❖नेपाल सरकारको स्वामित्वमा रहेको (दर्ता हुन बाँकी) सोरहवा ३ कि.नं. ३२७ ताल ज.वि. १०३-४-१५ जि.वि.स.ले भोग चलन गर्दै आएको सो ताल जसमा २ कोठे चौकिदार भवन १ ।

७१। जिल्ला विकास समितिको कार्यालयमा देहाय वमोजिमको कर्मचारी दरबन्दी रहेको व्यहोरा प्रमाणित गरियो ।

स्थानीय विकास अधिकारी १, यो.अ. तथा प्र.अधिकृत १, लेखा अधिकृत १, कार्यक्रम अधिकृत १, शाखा अधिकृत १, आ.ले.प. अधिकृत १, ना.सु. १, टा.ना.सु.१, सव ई. ३, लेखापाल १, खरिदार ४, टा.खरिदार १, सहलेखापाल ३, अ.स.ई. २, सवारी चालक १, कार्यालय सहयोगी ८, भान्से २, सुरक्षाकर्मी २ । साथै उक्त दरवन्दीमा कार्यरत कुनै कर्मचारी रिक्त भएमा नियमानुसार पदपुर्ति गर्न जि.वि.स. लाई निर्देशन गर्ने निर्णय गरियो ।

७२। विगतको द्वन्द्वकालमा द्वन्द्वको समयमा विष्फोटका कारण ध्वस्त भएका देहायका निकायहरुको भवन पुनः निर्माणको लागि शान्ति तथा पुन निर्माण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

- ❖ गा.वि.स. भवन निर्माण पशुपतिनगर ।
- ❖ गा.वि.स. भवन निर्माण खैरिचन्दनपुर
- ❖ गा.वि.स. भवन निर्माण ठाकुरद्वारा
- ❖ गा.वि.स.भवन निर्माण मनाउ
- ❖ राजापुर कृषि सेवा केन्द
- ❖ मैनापोखर कृषि सेवा केन्द्र

७३। देहायका कायक्रमहरु समावेश गरी सञ्चालन गर्ने व्यवस्थाको लागि भौतिक योजना निर्माण तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

- ❖ काठेपुल भएको स्थानमा पुल निर्माण पशुपतिनगर ५, मैला नाला ।
- ❖ लक्ष्मीनारायण मन्दिर संरक्षण गुलरिया ।
- ❖ कालाबन्जारादेखि खालेपुरुवा सडक स्तरोन्नति गुलरीया १२ ।
- ❖ खैरापुर शिव मन्दिर निर्माण ।

❖ लक्ष्मी हरी त्रिदण्डी मन्दिरमा वाल निर्माण कालिका २
❖ टेशनपुर र शक्तिनगर बीच ग्याङ्ग नदी पुल निर्माण कालिका।
❖ खैरिचन्दनपुर २ जमही झरन कलभर्ट निर्माण
❖ खैरिचन्दनपुर ४ बोक्सिनी कूलोमा कलभर्ट निर्माण
❖ सोहरियाघाट बुढीकूलोमा पुल निर्माण नयाँगाउँ।
❖ बदालपुर  र दौलतपुर जोड्ने बुढी कूलोमा पुल निर्माण।
❖ मोटरवेल बाटो निर्माण चेपाङ्गदेखि भङगाहा हुदै काथीचौर जानेबाटो बासगढी १
❖ बदालपुर  र मनाउ ७ जोड्ने बुढीकूलोमा पुल निर्माण।
❖ मानपुरटपरा ईश्वरीगञ्ज सडकमा पुल निर्माण।
❖ मोतीपुर पशु सेवा उप केन्द्र भवन तथा कम्पाउण्ड वाल निर्माण।
❖ रतैया नालामा पुल निर्माण राजापुर  र मानपुरटपरा बीच।
❖ नौरङ्गा-सूर्यपटुवा सडकको गेरुवा नदीमा पुल निर्माण मनाउँ।
❖ कजेनीपुर र मौवा वीच मैलानालामा पुल निर्माण खैरिचन्दनपुर।
❖ प्रतापपुर शिवपुर कालिगौडी ठाकुरद्वारा जोड्ने छोटो दुरीको पुल निर्माण ओरही नदी।
❖ बनियाभार वार्ड १ र २ जोड्ने बुढीकूलोमा पुल निर्माण।
❖ पदनाहा र बयिाभार मुण्डा गौडी जोड्ने वाटोको वुढी कूलोमा पुल निर्माण।
❖ औरि देखि बकलभार सडकको पत्थरिया खोलामा पुल निर्माण मगरागाडी।
❖ दुन्द्रा झरनैया खोलामा पुल निर्माण धधवार।
❖ मोतिपुर मुर्गिया नालामा पुल निर्माण।
❖ दोन्द्रा नाला पुल निर्माण सोरहवा ३ र १ बीच।
❖ सिमरहवामा पुल निर्माण बेलवा ५।
❖ मोतिपुर दक्षिणबाट दमौली १० नं. जाने सडकमा पुल निर्माण।
❖ टेसनपुर ग्यावङ्ग नदीमा पक्की पूल निर्माण कालिका ४।
❖ सानोश्री  ढोढरी  हुँदै वगनाहाको सैनवारसम्मको सडक निर्माण।
❖ गुलरिया १३ जरही नालामा कलभर्ट निर्माण।
❖ गुलरिया टपरा जाने सडकको  सर्यु नदीमा सडकपुल निर्माण।
❖ सैनवार देखि वनकट्टी ढुङ्गहवा नेउलापुर सडक निर्माण वगनाहा।
❖ महम्मदपुर १ देखि धधवारको वनगाई जोड्ने सडक निर्माण।
❖ शिवदुर्गा नि.मा.वि. भवन निर्माण सानोश्री ।
❖ पशुसेवा उपकेन्द्र भवन निर्माण ठाकुरद्वारा।
❖ रेडक्रस भवन निर्माण मनाउँ।
❖ ढोढरीमा पशु सेवा केन्द्र स्थापना।
❖ ने.रे.क्र. सोसाईटी उपशाखाको भवन निर्माण गुलरिया।
❖ ई.प्र.का. सानोश्री स्तरोन्नती एवं भवन निर्माण सानोश्रीताराताल।
❖ गणेशपुर प्रहरी चौकीको भवन पुनः निर्माण महम्मदपुर।
❖ चुरे क्याम्पस बाउड्री बगनाहा
❖ मैनापोखर ६ रिहारमा खेलकुद मैदान र व्यायामशाला निर्माण
❖ मैनापोखरमा इलाका स्तरीय विजभण्डार निर्माण
❖ वातावरणीय संरक्षणका लागि कालीका, मैनापोखर क्षेत्रमा गोबरग्यास प्लान्ट, धुवारहित चुलो र सौर्यउर्जा
❖ मैनापोखर पशुसेवा केन्द्र सडक पुल निर्माण
❖ बनसप्ति वाँध निर्माण तथा सिंचाई व्यवस्था ढोढरी।
❖ मुक्त कमैया ग्याङ्ग नदीमा तटबन्धन कालिका ४।
❖ रजकुडा नाला तटबन्धन शिवपुर ३ र ७।

- ❖ मोतिपुर घोराहा नाला तटबन्धन ।
- ❖ थुमुनीको ग्याङ्ग खोला र कक्रहवा खोला कटान क्षेत्र तटबन्धन ।
- ❖ दुर्घटना हस्पिटल स्थापना नेउलापुर ।
- ❖ कुसुम्मा वजारलाई साना सहरि विकास आयोजनामा परिणत गर्ने ।
- ❖ फोहर व्यवस्थापन तथा सवारी साधनको व्यवस्था कुसुम्मा वजार व्य.समिति सानोश्रीताराताल ।
- ❖ ढोढरीको माचड चोकमा एकीकृत सेवा केन्द्र स्थापना ढोढरी ।
- ❖ गणेशपुर नाकामा रहेको छोटी भन्सार पुनः सञ्चालन गर्न अनुरोध गर्ने महम्मदपुर ।
- ❖ युवक मा.वि. कम्पाउण्ड वाल निर्माण पदनाहा ।
- ❖ थारु संग्रहालय निर्माण राजापुर ।
- ❖ ढोढरीको कुम्राघाट देखि रामजाने चोकसम्म सडक स्तरोन्नती ।
- ❖ गुलरियामा बृद्धाश्रम निर्माण ।
- ❖ महिला हिंसा तथा बेचविखन विरुद्ध उद्धार पुनः स्थापना केन्द्र गुलरियामा स्थापना ।
- ❖ शुक्र बस्ती खेल मैदान कभर्ड हल निर्माण सानोश्रीताराताल ७
- ❖ वगलामुखी मन्दिर परिशरमा धर्मशाला निर्माण गुलरिया
- ❖ ताराताल परिशरमा वाल उद्यान र पिक्निक स्पोर्ट निर्माण सानोश्रीताराताल
- ❖ गुलरियामा बृहत सभाहल निर्माण ।
- ❖ ताराताल सानोश्री कोरिडोर निर्माण
- ❖ पशुपतिनगर वन्भरिया भरनमा कलभर्ट निर्माण
- ❖ सवदाहा स्थल निर्माण मानखोला बासगढी ४
- ❖ अपाङ्ग पुनस्थापना केन्द्र निर्माण सोरहवा ९
- ❖ सिमरहवा बाँध निर्माण बासगढी २
- ❖ वगनाहा गिदरपुर मिर्चैया ठाकुरद्वारा सडक निर्माण
- ❖ गुलरिया ७ को कृष्णसार ताल तथा सोको आसपासका तालहरु संरक्षण तथा व्यवस्थापन ।

७४। महिला तथा वालवालिका आश्रय स्थल निर्माणको लागि महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयमा अनुरोध गर्ने ।

७५। यस जिल्लाका निम्न स्वास्थ्य सस्थाहरुलाई व्यवस्थित गर्न स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने ।

- ❖ बर्दिया जिल्ला अस्पताललाई ५० सैयामा परिणत गरी व्यवस्थित गर्ने ।
- ❖ राजापुर स्वास्थ्य केन्द्रलाई १५ सैयाको बनाई व्यवस्थित गर्ने ।
- ❖ बाँसगढी स्वास्थ्य केन्द्रलाई १५ सैयाको बनाई व्यवस्थित गर्ने ।
- ❖ सानोश्री स्वास्थ्य केन्द्रलाई १५ सैयाको बनाई व्यवस्थित गर्ने ।
- ❖ नेउलापुरमा ट्रमा सेन्टर स्थापना गर्ने ।

७६। यस जिल्लाका जिल्ला अस्पताल र अन्य स्वास्थ्य केन्द्रहरुमा सरकारी तथा गैर सरकारी कार्यालय संघ संस्थाहरुको पहलमा स्वास्थ्य सम्बन्धी थप सुविधाहरु उपलब्ध गराउन पहल गर्ने निर्णय गरियो ।

७७। विद्यालय, स्वास्थ्य संस्था, कृषि तथा पशुसेवा केन्द्रको पूर्वाधार तथा क्षमता विकास, साना सिचाई आयोजना लगायत ईलाका गोष्ठिबाट आएका योजनाहरुलाई सबै विषयगत कार्यालय तथा गैससले अपनत्व ग्रहण गरि कार्यक्रम कार्यान्वयन गर्दा प्राथमिकता दिन निर्देशन गर्ने निर्णय गरियो ।

७८। आँखा उपचार केन्द्र गुलरीयालाई आँखा अस्पताल बनाउन स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने ।

७९। कोठीयाघाटमा पिकनिक स्पोट निर्माण गर्न पर्यटन मन्त्रालय र पर्यटन बोर्डमा अनुरोध गर्ने ।

८०। बर्दिया जिल्लाको पर्यटकीय गुरु योजना निर्माण गर्न आवश्यक सहयोगको लागि पर्यटन मन्त्रालय तथा पर्यटन बोर्डमा अनुरोध गर्ने ।

८१। थारु संग्राहलय गुलरीया संरक्षणको लागी पर्यटन बोर्डमा अनुरोध गर्ने ।

८२। अबध संग्राहलय निमाण तथा व्यवस्थापनको लागि पर्यटन बोर्डमा अनुरोध गर्ने ।

८३। छिमेकी राष्ट्र भारतबाट जिल्ला सदरमुकाम गुलरिया प्रवेशद्वार रजनवामा भन्सार नाका खोली रजनवा-गुलरिया-रम्मापुर सडक निर्माणको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

८४। प्रत्येक निर्वाचन क्षेत्रमा १।१ वटा खेलकुद मैदान र जिल्ला सदरमुकाममा एउटा रंगशाला निर्माण गर्न युवा तथा खेलकुद मन्त्रालयमा अनुरोध गर्ने ।

८५। प्रत्येक निर्वाचन क्षेत्रमा विज्ञान संकायका १।१ वटा १० जोड २ विद्यालय स्थापनाका लागि शिक्षा मन्त्रालयमा अनुरोध गर्ने ।

८६। डिभिजन स्तरका कार्यालयबाट आयोजनाहरु छनोट गर्दा सहभागितामूलक योजना तर्जुमा प्रकृया (Buttom Up Approach) लाई अनिवार्य गर्न आवस्यक निर्देशनका लागि सम्वन्धित तालुक निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

८७। सडक किनारामा पशु बाँधेर सडकमा आवागमनमा असर पर्ने भएकोले सो कार्यलाई रोक लगाउन सम्बन्धित गा.वि.स. नगरपालिकाहरुलाई निर्देशन दिने ।

८८। सडक निर्माण गर्दा सडक फिलिङ्ग कार्यका लागि किनाराबाट माटो खनेर फिलिङ्ग गर्दा सडकको मापदण्ड अनुसार सडक नाला निर्माण गर्नुपर्ने लाईन भन्दा भित्रबाट खनेर गहिरो बनाउने कार्यलाई रोक लगाउने ।

८९। जिल्लाका कुनै पनि क्षेत्रहरुमा सडक निर्माण गर्दा सडकको दाँया बाँया बृक्षारोपण गरी वातावरणीय स्वच्छता कायम गर्न सम्बन्धित सवैलाई निर्देशन गर्ने निर्णय गरियो ।

९०। आजको परिषद बैठकमा सरोकारवाला सवैले विनियोजित वजेट पारदर्शी र उत्तरदायी पूर्ण ढङ्गले कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

९१। जिल्ला कृषि विकास कार्यालय भन्दा पारि गुलरिया ११ स्थित खुल्ला चौरलाई व्यवस्थित गरी सार्वजनिक सभा समारोहको लागि प्रयोग गर्ने गरी जग्गा व्यवस्थित गर्न सम्बन्धित निमायमा अनुरोध गर्ने निर्णय गरियो ।

९२। वर्दिया जिल्लामा चिनी, कपास, कागज उद्योग जस्ता कृषि तथा वनजन्य उद्योगको सम्भावना रहेको हुँदा सो स्थापनाकालागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

९३। आजको परिषद संचालनको सिलसिलामा आएका प्रस्ताव एवं सुझावहरुलाई साधन श्रोतले भ्याएसम्म उपयुक्त समयमा बैठक वसी समावेश गर्ने, कुनै कार्यक्रम वा आयोजनाहरु थपघट गर्नु परेमा सो समेत गर्ने प्रयोजनको लागि जि.वि.स.लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

९४। जिल्ला विकास समितिले संरक्षण र सम्बर्द्धन गर्दै आएको वढैयालाताको ठेक्का रकमबाट प्राप्त रकमको ५० प्रतिशत रकम उपभोक्ता समुहलाई उपलव्ध गराउदै आएकोमा यस वर्ष देखि गा.वि.स. मा रकम निकाशा दिने र उक्त वढैया तालमा पिक्निक स्पोर्ट निर्माणलाई पहिलो प्राथमिकता दिन समेत गा.वि.स. सोरहवालाई निर्देशन दिने निर्णय गरियो ।

९५। वर्दिया जिल्लाको पहिलो आवधिक योजना २०७२/७३-०७६/७७ स्वीकृत गर्नुका साथै सोही अनुसार लागु गर्ने निर्णय गरियो ।

९६। बर्दिया जिल्लाको दीर्घकालिन सोँच देहाय बमोजिमको कायम गर्ने निर्णय गरियो ।

"कृषि, पर्यटन,शिक्षा र जैविक विविधता
स्वच्छ,सुन्दर,सुरक्षित र समृद्ध बर्दिया"

९७। जिल्ला जलवायु तथा उर्जा योजना २०७१ स्वीकृत गर्ने निर्णय गरियो ।

९८। जिल्ला विकास समितिको नाममा रहेको खानेपानीको बक्यौता रकम १५८९१४।८१ मध्ये हर्जाना छुटको लागि आवश्यक व्यवस्था मिलाई भुक्तानी गर्ने र आगामी दिन देखि कुनै पनि महशुल नियमित रुपमा भुक्तानी गर्न जि.वि.स.लाई निर्देशन गर्ने निर्णय गरियो ।

९९। २१ औं जिल्ला परिषदलाई सफल पार्न मद्दत पुऱ्याउने यस जिल्ला स्थित राजनैतिक दल, विषयगत कार्यालय, नगरपालिका, गा.वि.स., गैरसरकारी संघ संस्था, एवं जि.वि.स.का कर्मचारीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

१००। ईलाका स्तरीय योजना तर्जुमा बैठकबाट जिल्ला स्तरीय योजनाको लागि माग भै आएका र हाल समावेश गर्न नसकिएका योजनाहरु थप वजेट प्राप्त भएमा वा कुनै संघ सस्थाहरु, दातृ निकायहरुबाट सञ्चालन गर्न सम्भव भएसम्म सवै क्षेत्रलाई समेटी सञ्चालन गर्न जिल्ला विकास समितिबाट पहल गर्ने निर्णय गरियो ।

१०१। २१ औं जिल्ला परिषदको तयारीको सिलसिलामा ईलाका स्तरीय योजना तर्जुमा गोष्ठिबाट केन्द्रस्तरको लागि माग भै आएका योजनाहरु (अनुसूचिमा समावेश) कार्यान्वयनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

१०२। नेपाल सरकार भूमी सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गगत मुक्त कमैया पुनः स्थापना कार्यक्रममा दिईने जग्गा अनुदान रकम समयानुकुल नभएकोले अनुदान रकम बृद्धि गरी रु. ३ लाख पुऱ्याउन नेपाल सरकार सँग अनुरोध गर्ने ।

१०३। कर्मचारीहरुलाई दिईएको छाता जुत्ता वापतको रकम का.स. हुमनाथको नाममा पेश्की रहेको र विगतको उक्त पेश्कीको विल भरपाईको आधारमा उक्त रकम रु. २००००। पे.फ. तथा संपरीक्षण गर्ने निर्णय गरियो ।

१०४। जिल्ला विकास समितिको कार्यालयमा रहेका देहायका खाताहरु विगत वर्ष देखि अल्या हुँदै आएका र प्रयोजन विहिन रहेको हुँदा उक्त खाताहरुमा रहेको रकम जि.वि.स.को मुल खातामा आम्दानी वाँध्ने र ती खाताहरु वन्द गर्न जि.वि.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१. धनौरा विद्यालय मर्मत सम्भार कोष ढोढरी रु. १२५०००।

२. सूचना केन्द्र रु. ३६६५०।
३. उच्च शिक्षा रु. २२८८।
४. आ.जि.वि.यो. रु. ३६१४५२।
५. विशेष कोष रु. ३५०००।
६. आदिवासी जनजाति रु. २८।
७. पुराना १३ विविध रु. ६३५६९०।७६
८. संस्कृति मन्दिर रु. २३४०।
९. बाह्य कोष रु. ३४९४०।
१०. ग्रामीण सडक म्याचिङ्ग रु. ८९४।
११. एल.जि.सि.डि.पि.म्याचिङ्ग रु. १०००००।
१२.प्लान नेपाल रु. ३१४५।
१३. जि.आई.जेड म्याचिङ्ग रु. १४५५००।
१४. हेल्भेटास म्याचिङ्ग रु. ९७०००।

१०५। विकास सँग सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालय संघ संस्थाहरुले आगामी वर्षहरुमा योजना तर्जुमाका चरणहरुबाट आएका कार्यक्रमहरुलाई मात्र समावेश गरी कार्यक्रम तयार गर्न सम्बन्धित सवै कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

१०६। जि.वि.स.को अतिथि भवन अतिथि भवनकै रुपमा व्यवस्थित गरी सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउन जिविसलाई निर्देशन गर्ने निर्णय गरियो ।

१०७। यस जिल्लाको पाताभार गा.वि.स. स्थित एकप्रीय उ.मा.वि भवन निर्माणको लागि भारतीय राजदुतावासमा अनुरोध गर्ने ।

१०८। यस जिल्लामा वाढीका कारण वर्षेनी राहत वितरण गर्नु पर्ने अवस्था रहेको र जिल्लामा गोदाम घर नभएको हुँदा भण्डारणको ज्यादैनै समस्या भैरहेकोले जिल्ला रेडक्रस सोसाईटीको नाममा रहेको जग्गामा एक गोदाम घर निर्माणार्थ सहयोगी संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

१०९। सन २०१७ सम्म घर भित्रको धुँवा रहित जिल्ला घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गर्न सम्बन्धित सवैमा अनुरोध गर्ने ।

११०। यस वर्ष आएको वाढीबाट भएको विकराल अवस्थामा पिडितलाई सहयोग गर्ने सरकारी कार्यालय, वैदेशिक दातृ संस्था, सञ्चार कर्मी, गैरसरकारी संघ सस्था लगायत सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

१११। वेवारिसे वालवालिकाको संरक्षणको लागि जिल्ला विकास समितिले नेतृत्वदायी भूमिका लिई सरकारी तथा गैरसरकारी कार्यालय, संघ संस्थालाई उक्त क्षेत्रमा कार्य गर्न अपिल गर्ने निर्णय गरियो ।

११२। प्रत्येक गा.वि.स. तथा न.पा.का. वार्डहरुमा कृषि तथा पशुसेवा प्राविधिक राख्न सम्वन्धित निकायमा पहल गर्ने निर्ण्नय गरियो ।

११३। व्यवस्थित वीउ भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

११४। कृषि उपज संकलन केन्द्र तथा हाटवजारहरुलाई व्यवस्थित गर्ने र थप संरचनाहरु निर्माण गर्न सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

११५। जिल्ला विकास समितिको आन्तरीक आय तर्फ विगतका आ.व.हरुको असुल हुन बाँकी बक्यौता मध्ये तपसिल बमोजिमको असुल भएको रकम रु. ९४८५३०। सम्परीक्षण गर्ने र असुल हुन वाँकी रहेको रु ५८०५९५४।५२ असुली गर्न जि.वि.स.लाई निर्देशन गर्ने निर्णय गरियो ।

१. नवराज ज्ञवाली रोडशेषको रु. २८१९१६ ।
२. रघुनाथ भट्टराई छाला ठेक्का रु. ५६७९९९।
३. ईन्द्रबहादुर रावल घाट उत्राही पाताभार रु. ९८६१५।

११६। ईलाका स्तरीय योजना तर्जुमा गोष्ठी/विषयगत योजना तर्जुमा समिति/एकीकृत योजना तर्जुमा समितिबट प्रस्ताव भै जिविस मार्फत यस जिल्ला परिषद्मा पेश भएको आ.व. ०७०/०७१ को यथार्थ ०७१/०७२ को संशोधित र ०७२/७३ को प्रस्तावित बार्षिक योजना (बजेट तथा कार्यक्रम) देहाय बमोजिम स्वीकृत गरियो ।